जयपृथ्वी नगरपालिकाको आर्थिक बर्ष २०८०/२०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

# विनियोजन ऐन

२०८०

जयपृथ्वी नगरपालिका

**जयपृथ्वी नगरपालिका, चैनपुर, बझाङ**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**जयपृथ्वी नगरपालिकाको आर्थिक बर्ष २०८०/२०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको** ऐनः

नगरसभाबाट पारित गरेको मितिः २०८०।०३।१५

प्रस्तावनाः जयपृथ्वी नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम जयपृथ्वी नगरपालिकाको विनियोजन **ऐन पास** गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस **ऐन** नाम " जयपृथ्वी नगरपालिकाको विनियोजन **ऐन**, २०८०" रहेको छ ।

(२) यो विधेयक नगरसभाबाट स्वीकृत भए लगत्तै ऐनको रुपमा लागु हुनेछ ।

**२. आर्थिक वर्ष २०८०।०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.**५७,६२,०४,०००। (सन्ताउन्न करोड बैसठ्ठी लाख चार हजार मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त जयपृथ्वी नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा कुनै शीर्षकमा जम्मा विनियोजित रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा

रकमान्तर तथा निकासा गर्न र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च तर्फ विनियोजित रकम  अन्य चालू खर्च शिर्षक तर्फ रकमान्तर गर्न र बित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन । तर चालु खर्च तर्फ विनियोजित रकम पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा  रकमान्तर गर्नु परेमा नगरसभाको स्वीकृती लिनु पर्नेछ।

जयपृथ्वी नगरपालिका

अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम रु हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा रु. हजारमा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | समानिकरण अनुदान | | १३२६९३ | | १३२६९३ |
| ३ | | राजश्व बाँडफाड | ९६०७१ | ० | | ९६०७१ |
| ४ | | शर्शत अनुदान | २७९३५० | १३७०० | | २९३०५० |
| ५ | | सम्पुरक अनुदान | 0 | १२७०० | | १२७०० |
| ६ | | विशेष अनुदान | 0 | ३१००० | | ३१००० |
| ७ | | आन्तरिक आम्दानी | १०६९० | ० | | १०६९० |
| **कुल जम्मा** | | | ३८६१११ | १९००९३ | | **५७६२०४** |

प्रमुख प्रशासकीय अधिकृत
अम्मरराज जोशी
जयपृथ्वी नगरपालिका

जयपृथ्वी नगरपालिका